मिति २०७२/१/१८

प्रेस विज्ञप्ती

२०७२ साल वैशाख १२ र १३ गते गएको विनाशकारी भूकम्पबाट प्रभावित विभिन्न जिल्लाका शिविरहरुमा राहत स्वरुप वितरण गर्ने प्रयोजनको लागि नेपाल सरकार उद्योग मन्त्रालयले २०० मेट्रिक टन बिस्कुट र ७६ हजार कार्टुन चाउचाउ खरिद गरि वितरणको लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयोजनमा नेपाल खाद्य संस्थान केद्रीय गोदाममा खडा भएको संकलन केन्द्रमा उपलब्ध भई रहेको छ । त्यसरी उपलब्ध भएका चाउचाउ र बिस्कुट वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयोजनमा गठित समितिले भूकम्प प्रभावित जिल्लाहरुको आवश्यकतालाई ध्यानमा राखी ढुवानी गरि पठाउने कार्य भई रहेको छ ।

जस अनुसार हाल सम्म १६५६१ कार्टुन (११ ट्रक) बिस्कुट, ४६,७८५ कार्टुन (२४ ट्रक) चाउचाउ र भुजिया ५० व्याग खाद्य संस्थानको संकलन केन्द्रमा संकलन भई सकेको छ ।

साथै प्रभावित क्षेत्रमा राहत तथा उद्दार कार्यका लागि यस मन्त्रालयबाट सह सचिव द्वय श्री याम कुमारी खतिवडालाई काठमाण्डौं क्षेत्र नं. ३ र जीत बहादुर थापालाई काभ्रेपलाञ्चोक गरी दुई टोली प्रभावित क्षेत्र तर्फ खटाई सकिएको छ ।

यस मन्त्रालय अन्तर्गत खानी तथा भूगर्भ विभागमा कार्यरत कर्मचारीहरुबाट प्रधानमन्त्री राहत कोषमा जम्मा हुने गरी रु.६,०३,०००/- (अक्षेरेपी छ लाख तीन हजार रुपैया मात्र) जम्मा भएको छ ।

..........................

दिनेश कुमार घिमिरे

सहसचिव/सूचना अधिकारी

उद्योग मन्त्रालय